मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

## सेवा करारमा जनशक्ति आवश्यकता सम्बन्धी सूचना।

प्रकाशन मितिः२०८१।१२।०५

मन्थली नगरपालिकाको **सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६** अनुसार **देहाय बमोजिम पदका** लागि खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा जनशक्ति व्यवस्थापन गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहाय बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (दरखास्त दिने अन्तिम दिन २०८१/१२/१९ गते सार्वजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा लोक सेवा आयोगबाट निर्धारित दरखास्त फारम भरी सक्कलै प्रति यस नगरपालिकाको कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**विज्ञापन नं, पद तथा आवश्यक न्यूनतम योग्यता :**

| सि.नं | विज्ञापन नं. | पद | सेवा | तह | संख्या | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | ९-०८१/०८२ | मेडिकल अधिकृत | करार | अधिकृत आठौ तह | १ (एक) | मान्यताप्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा MBBS वा सो भन्दा माथिल्लो तह उत्तिर्ण। | मन्थली नगरपालिका अन्तर्गतको गेलु प्राथमिक स्वास्थ्य केन्द्र/ मन्थली अस्पतलका लागि। |
| २ | १०-०८१/०८२ | जनरल सर्जन | करार | अधिकृत नवौ तह | १ (एक) | मान्यताप्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा Master in Surgery (MS) तह उत्तिर्ण। | मन्थली नगरपालिका अन्तर्गतको मन्थली अस्पतालका लागि। |

**दुवै पद/तहका लागि आवश्यक योग्यता तथा कागजपत्रहरु**

१. **संलग्न गर्नु पर्ने कागजातहरु र अन्य योग्यता :**
क) दरखास्त फाराम (ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु (काउन्सिल दर्ता/ नविकरण सहित) (घ) तालिमको प्रमाणपत्रको प्रतिलिपि (ङ) तालिम तथा कार्यानुभवको कागजातको प्रतिलिपि (च) प्रचलित कानुनले अयोग्य नठहरिएको स्वघोषणा पत्र। (छ) राजश्व वुझाएको रसिद।
**कार्यानुभव र तालिमको मान्यता**: कार्यानुभव भएकालाई प्राथमिकता दिईनेछ।

२. **उमेर हदः** **आठौं तह**को हकमा दरखास्त दिने अन्तिम दिन सम्म २१ वर्ष पुरा भई ३५ बर्ष ननाघेको। (महिलाको हकमा ४० बर्ष ननाघेको।) र **नवौं तह**का लागि २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

३. **दरखास्त फारम :** यस नगरपालिकाको वेभसाईट www.manthalimun.gov.np वाट डाउनलोड गरी वा कार्यालयको राजस्व शाखावाट तोकिएको दस्तुर तिरी प्राप्त गर्न सकिने छ।

४. **दरखास्त दस्तुर :** रु. १०००/ (एक हजार मात्र) कार्यालयको राजश्व शाखामा नगदै वुझाई वा यस कार्यालयको नाममा रा.बा.बैक मन्थली शाखाको आन्तरिक राजश्व खाता नं १६८०१००३०१०१०००२ मा रकम जम्मा गरी सक्कलै रसिद/भौचर पेश गर्नु पर्ने।

५. **छनौटको किसिम :** छोटो सूची प्रकाशन र प्रयोगात्मक/लेखनशैली तथा प्रस्तुती सीप परीक्षण एवं अन्तर्वार्ता परीक्षा।

६. **परीक्षा मिति :** छोटो सूची (Short list) को सूचना प्रकाशन हुँदा तय गरिने छ।

७. **सेवा तथा सुविधा :** सम्वन्धित पदका लागि चालु आ.ब.मा नेपाल सरकारले निर्धारण गरेको आधारभूत तलबमान र अन्य सुविधाको हकमा आपसी समझदारीमा निर्धारण हुनेछ।

८. **करार अवधि :** २०८२ असार मसान्त सम्म। (सेवाको आवश्यकताका आधारमा करार समयावधि नियमानुसार थप हुने।)

नोटः थप जानकारीका लागि मन्थली नगरपालिकाको कार्यालयको मन्थली नगरपालिकाको website/Facebook page वा कार्यालयको सोधपुछ कक्ष/फोन नं ०४८-५४०५३२ मा सम्पर्क गर्न सकिने छ।

**छनौट तथा सूचीकरण समिति**

दीपक प्रसाद सुवेदी
वरिष्ठ शाखा अधिकृत